# नौमूले गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## नौमूले दैलेख

कर्णाली प्रदेश, नेपाल

**गाउँपालिकाको लागि आवश्यक जग्गा खरिद सम्बन्धी दरभाउपत्र आव्हानको सूचना**
**पाँचौ पटक प्रकाशित मिति २०७८।०४।२१**

१) यस गाउँपालिकाको जग्गाको लागि आवश्यक तपशिलमा उल्लेखित चार किल्ला भित्र मालपोत कार्यालय दैलेखबाट आर्थिक वर्ष ०७८।०७९ को लागी प्रकाशित जग्गाको न्यूनतम मूल्यांकन को दररेटमा नबढ्ने गरी गाउँपालिकालाई जग्गा बिक्रि गर्न इच्छुक व्यक्ति संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न हुन नौमूले गाउँ कार्यपालिकाको मिति २०७८।०४।१८ गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

२) शिलवन्दी दरभाउपत्र फारामको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्वन्धित जग्गा धनी वा अधिकार प्राप्त प्रतिनिधीले जग्गाधनी प्रमाणपत्रको प्रतिलिपीमा स्वयम जग्गाधनीले प्रमाणित गरेको प्रतिलिपी, थान १, आर्थिक वर्ष २०७८।०७९ सम्मको मालपोत कर चुक्ता गरेको प्रमाणित पत्र, सहित तपशिलमा उल्लेखित फाराम दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि यो सूचना **प्रकाशित मितिले ७ औ दिनसम्म,** शिलवन्दी दरभाउपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराइने छ।

३) खरिद गरिएका दरभाउपत्र फारामका महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी यो सूचना प्रकाशित मितीले **८ औ दिनको १२:०० बजे सम्म** उपस्थित भई बोलपत्र दर्ता गराउनुपर्ने छ।

४) बोलपत्र फाराम वापतको रकम यस कार्यालयको नाममा एन.एम.बि. बैंक लिमिटेड नौमूलेको नाममा रहेको संचित खाता नं. १०४००७१७१२४०००४१ मा दाखिला गरेको वा कार्यालयबाट नगदै तिरी सो को सक्कलै भौचार शिलवन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ।

५) तोकिएको समयभित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधीहरुको **रोहबरमा ८ औ दिनको १:०० बजे** खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।। दरभाउपत्र फाराम दर्ता गर्ने र दरभाउ पत्र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खोलेको दिन सोही समयमा हुनेछ।

६) दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ। रित नपुगेका र म्याद नाघी आएका बोलपत्र उपर कुनै कारवाही गरिनेछैन। दरभाउ पत्र फाराममा प्रत्येक आइटम दर अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।

७) दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउ पत्र फाराम उल्लेख गरे बमोजिम हुनेछन्।

८) शिलवन्दी दरभाउ पत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा वा कार्यालयको वेवसाइटमा टाँस गरिनेछ।

९) यस सूचनामा उल्लेखित भए बाहेकका विषयहरुमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन), जग्गा प्राप्ति ऐन २०३४ तथा गाउँकार्यपालिकाको निर्णयानुसार हुनेछ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीको लागि गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**तपशिल:**

| सि. नं. | जग्गाको लागि निर्धारित चार किल्ला गाउँपालिकाको निर्णयानुसार | आवश्यक परिमाण रोपनीमा | लागत अनुमान | शिलवन्दी दरभाउपत्र दस्तुर रु | कन्टीजेन्सी वापतको रकम कुल रकमको तीन प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **पूर्वमा:** वडा नं. ५ को भवन सम्म **पश्चिममा:** इलाका प्रहरी कार्यालयको कार्यालय माथि धैरनी सम्म **उत्तरमा:** रचनिको डाँडा सम्म **दक्षिणमा:** ठुटेसिमल सम्म | न्यूनतम १० रोपनी र बढीमा १५ रोपनी सम्म | मालपोत कार्यालय दैलेखले निर्धारण गरेको प्रति रोपनी जग्गाको न्यूनतम मूल्यमा नबढ्ने गरी | रु. ३,०००।- | | |

भुपेन्द्र शाही
(नि.प्रमुख प्रशासकीय अधिकृत)